**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 27.09.2025**

## *एस आर एम विश्वविद्यालयका उपकुलपति राज्यपाल माथुरसित भेट*

एस आर एम विश्वविद्यालयका उपकुलपति कमान्डर डा. गुरूदमन शर्माले हिजो राजभवनमा सिक्किमका राज्यपाल ओमप्रकाश माथुरलाई भेटनुभयो । बैठकको क्रममा, उपकुलपतिले विश्वविद्यालयका विभिन्न शैक्षिक पहल, अनुसन्धान कार्यक्रम र विकासात्मक गतिविधिहरू साथै आगामी दीक्षान्त समारोहको तयारीको बारेमा विस्तृत जानकारी प्रदान गर्नुभयो । छलफलमा संस्थाको विकास र भविष्यको दृष्टिकोणसँग सम्बन्धित अन्य महत्वपूर्ण मुद्दाहरूमाथि पनि छलफल गरियो ।

## *मुख्यमन्त्री, जिरो संगीत महोत्सवमा*

सिक्किमका मुख्यमन्त्री प्रेम सिंग तामाङले हिजो अरूणाचल प्रदेशको तल्लो सुबानसिरी जिल्लाको जिरो उपत्यकामा आयोजना हुने 13 औं जिरो संगीत महोत्सवमा भाग लिन पाउँदा आफूलाई सम्मानित र सौभाग्यशाली महसुस भएको बताउनुभएकोछ । सरकार र सिक्किमका जनताको तर्फबाट उहाँले अरूणाचल प्रदेशका जनता, राज्य सरकार र उपस्थित सबै विशिष्ट अतिथिहरूलाई हार्दिक शुभकामना व्यक्त गर्नुभयो भने, यस भव्य उत्सवमा राज्य साझेदारको रूपमा सामेल हुनु सिक्किमको लागि गर्वको कुरा भएको, भन्नुभयो । श्री तामाङ, सिक्किम र अरूणाचलले संस्कृति, परम्परा र प्राकृतिक सौन्दर्यमा धेरै समानताहरू साझा गर्छन् भन्नुभयो । दुवैलाई अर्किड राज्य भनिन्छ, र दुवै कृषि, पर्यटन र तिनीहरूको पवित्र आध्यात्मिक सम्पदामा फस्टाउँछन् । उहाँले मुख्यमन्त्री श्री पेमा खान्डु, उपमुख्यमन्त्री श्री चौना में, अरूणाचल प्रदेश सरकार र जिरो महोत्वसका आयोजकहरूलाई उनीहरूको न्यानो आतिथ्य र सिक्किमलाई यो सम्मान दिएकोमा हार्दिक आभार व्यक्त गर्नुभयो ।

## *विश्व पर्यटन दिवस 2025 को अवसरमा पर्यटन मन्त्रीको सन्देश*

विश्व पर्यटन दिवस 2025 को अवसरमा, सिक्किम सरकारका पर्यटन तथा नागरिक उड्डयन मन्त्री छिरिङ थेन्डुप भुटियाले सिक्किमका जनता, पर्यटन सरोकारवालाहरू र यात्रा तथा सांस्कृतिक आदानप्रदानको भावना मनाउने विश्वव्यापी समुदायलाई हार्दिक शुभकामना व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, यस वर्षको विषयवस्तु, पर्यटन र दिगो रूपान्तरण, सिक्किमको लागि गहिरो महत्व राख्छ, जहाँ प्रकृति, संस्कृति र समुदाय गहिरो रूपमा अन्तर्निहित छन् ।प्रमुखय स्तम्भहरू मध्ये एक हो, जसले राजस्व र मात्र नभई गौरवशाली हिमाली राज्यको रूपमा हाम्रो पहिचानलाई सुदृढ़ पार्न पनि योगदान पुऱ्याउँछ । अनुपम प्राकृतिक सौन्दर्य, समृद्ध परम्परा र जीवन्त सांस्कृतिक विविधताले भरिपूर्ण, सिक्किम मानिसहरू र प्रकृति बीचको सद्भावको प्रकाशस्तम्भको रूपमा उभिएको छ । मन्त्रीले भन्नुभयो, हामीले यो दिन मनाउँदै गर्दा, सिक्किमका लागि बढ़ि हरियाली, थप लचिलो र थप समावेशी भविष्यको लागि पनि काम गरौं ।

## ***सेवा पर्व- भारतको सम्पदा र वीरहरूको सम्मान***

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको सरकारले सेवा र सुशासनको मन्त्रबाट प्रेरित भएर परिवर्तन र प्रगति ल्याउन अथक प्रयास गरिरहेकोछ। आज, यो विशेष श्रृंखला- सेवा पर्व मा, हामी तपाई समक्ष मोदी सरकारले इतिहास संरक्षण गर्ने, देशभक्तिलाई प्रेरित गर्ने र पुस्तालाई बलिदानको भावनासँग जोड़ने स्मारहरू निर्माण गरेर भारतको कालातीत सम्पदा र वीरहरूलाई कसरी सम्मान गरेकोछ भने प्रस्तुत गर्दछौं।

---

## ***मौसम***

स्थानीय मौसम विज्ञान विभागबाट प्राप्त जानकारी अनुसार, सिक्किम र वरपरका क्षेत्रहरूमा आजको अधिकतम तापमान 26.6 डिग्री सोल्सियस र न्यूनतम तापमान 17.1 डिग्री सेल्सियस रेकार्ड गरियो।

भोलि 28 तारीक, सामान्यत आकाशमा बादल छाउने र हल्का वर्षा हुने संभावनाछ। अधिकतम तापमान लगभग 25 डिग्री सेल्सियस र न्यूनतम भने झण्डै 17 डिग्री सेल्सियस रहने पूर्वानुमानछ।

---